दरखास्त दिनुपर्ने न्यूनतम ऋणपत्रः
२५ कित्ता

दरखास्तसाथ एकमुष्ठ रू.१,०००/- प्रति
ऋणपत्रका दरले भुक्तानी माग गरिएको

स्वीकृत विवरणपत्रमा उल्लेख भए अनुसार सामुहिक लगानीकोषको लागि छुट्टाइएको ३७,५०० कित्ता ऋणपत्रमा कुनै पनि सामूहिक लगानी कोषहरुबाट हालसम्म आवेदन प्राप्त नभएको

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited

(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था)
एचबिएल कर्पोरेट बिल्डिङ, कमलादी, काठमाण्डौं, फोन नं. ९७७-१-४२४६२१८, ४२४६२१९, फ्याक्स नं. ९७७-१-४२२२८००
Email: hbl@himalayanbank.com, URL: http://www.himalayanbank.com
को

८% "हिमालयन बैंक लिमिटेड बण्ड २०७७"
आव्हान पत्र

ऋणपत्रको बिक्री खुल्ला अवधिः	
निष्काशन खुल्ला मिति	: २०७०/०३/१६ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७०/०३/१९ गते बैकिङ्ग समय पश्चात्
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७०/०३/३० गते बैकिङ्ग समय पश्चात्

यो विवरण-पत्र नभई केवल आह्वान -पत्र मात्र हो।

प्रति ऋणपत्र रु.१,000/- दरको रु.७५ करोड रकम बराबरको ऋणपत्र मध्ये १५ करोड बराबरको ऋणपत्र सर्वसाधारणहरुको लागि र ६0 करोड बराबरको ऋणपत्र व्यक्तिगत तवरबाट बिक्री गरिने जस मध्ये ३ करोड ७५ लाख बराबरको ऋणपत्र सामूहिक लगानीकोषको लागि सुरक्षित गरिएको ।

श्री नेपाल धितोपत्र बोर्डद्वारा स्वीकृत मिति २०७०।०३।०५, श्री नेपाल राष्ट्र बैंकमा दर्ता मिति २०७०।०३।०५ तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति २०७०।०३।०६

१. संस्थाको नाम : हिमालयन बैंक लिमिटेड (Himalayan Bank Limited)।

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित।

३. संस्थाको रजिष्टर्ड ठेगाना : यस बैङ्कको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. १ कमलादीमा रहेकोछ ।

४. कारोवार स्थान :

यस बैंकको आफ्नो रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. १ कमलादी अलावा काठमाडौं उपत्यकामा ठमेल, नयाँ सडक, पाटन, महाराजगञ्ज, भक्तपुर, टेकु, चाबहिल, स्वयम्भू, नयाँ बानेश्वर, सोह्रखुट्टे, डिल्लीबजार, कलंकी, सातदोबाटो, बत्तिसपुतली, कौशलटार तथा काठमाडौं उपत्यका बाहिर वीरगञ्ज, नारायणगढ, टाँडी, हेटौंडा, सिद्धार्थनगर, विराटनगर, बनेपा, धरान, न्यूरोड-पोखरा, बुटवल, नेपालगञ्ज, इटहरी, पाल्पा, घोराही, त्रिशुली, दमक, बागलुङ्ग, पर्सा, धनगढी, गोरखा, कावासोती, बाहूबिसे, धादिङ्ग र रामवजार-पोखरा शाखाबाट आफ्नो बैकिङ्ग कारोवार संचालन गर्दै आइरहेको छ। बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आवश्यकता अनुसार भविष्यमा शाखा विस्तार गरी नेपाल राज्य भरी नै कारोवार गर्न सक्नेछ।

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

यस कम्पनी, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०४८ साल फाल्गुण ४ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०४८ साल फाल्गुण ६ गते नेपाल राष्ट्र बैंकबाट "क" वर्ग को वित्तीय संस्थाको रुपमा वित्तीय कारोबार गर्न इजाजत प्राप्त गरी बैंकले आफ्नो वित्तीय कारोबार संचालन गरिरहेको छ। यस बैंकका संस्थापकहरुमा वित्तीय क्षेत्र एवं व्यवस्थापनमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तिहरु रहेका छन्।

उद्देश्यहरुः नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, प्रचलित बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्य देहाय वमोजिम हुनेछः

(क) बैङ्कका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग तथा वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य ब्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध श्रम, शीप तथा पूँजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने कार्यको लागि आवश्यक वित्तीय श्रोत, साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी गर्ने तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

(ङ) अन्य लघुकर्जा कारोबार गर्ने बैंक, कम्पनी तथा वित्तीय संस्थाहरुको शेयर तथा डिवेन्चरहरु खारिद गर्ने, यस्ता शेयर डिवेन्चरहरुमा लगानी गर्ने तथा बैंकको हितलाई ध्यानमा राखी अन्य जुनसुकै आयमूलक क्षेत्र वा कार्यमा लगानी गर्ने तथा बैंकलाई आवश्यकता परिआएको बखत तोकिदिएको दरले प्रतिफल प्रदान गर्ने गरी अन्य शर्तहरु समेत किटान गरी सर्वसाधारण जनता, संगठित संस्था वा अन्य कुनै निकायलाई कुनै पनि प्रकारको अग्राधिकार शेयर, बण्ड, डिवेन्चर नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति लिई निष्काशन गर्ने।

६. पूँजी संरचना सम्बन्धी जानकारी :

- **अधिकृत पूँजी** : कम्पनीको अधिकृत पूँजी रु.४,००,००,००,०००/- (अक्षेरुपी चार अर्ब मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले ४,००,००,००० (चार करोड) थान शेयरमा विभाजन गरिएको छ।
- **जारी पूँजी** : कम्पनीको जारी पूँजी रु.२,७६,००,००,०००/- (अक्षेरुपी दुई अर्ब छयहत्तर करोड) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २,७६,००,००० (दुई करोड छयहत्तर लाख) थान शेयरमा विभाजन गरिएको छ।
- **चुक्ता पूँजी** : कम्पनीको चुक्ता पूँजी रु.२,७६,००,००,०००/- (अक्षेरुपी दुई अर्ब छयहत्तर करोड) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २,७६,००,००० (दुई करोड छयहत्तर लाख) थान शेयरमा विभाजन गरिएको छ।

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप):

ऋणपत्र निष्काशन गरी बाँडफाँड गरेपश्चात कम्पनीको शेयर पूँजी र ऋणपत्र पूँजीको संरचना :

विवरण	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत	कैफियत
रु. १००/- अंकित दरको २,७६,००,००० कित्ता शेयरहरु	२,७६,००,००,०००	शतप्रतिशत	–
रु. १,०००/- अंकित दरको ५,००,००० कित्ता ऋणपत्रहरु	५०,००,००,०००	शतप्रतिशत	८% "हिमालयन बैंक डिबेन्चर, २०७२"
रु. १,०००/- अंकित दरको ७,५०,००० कित्ता ऋणपत्रहरु	७५,००,००,०००	शतप्रतिशत	८% "हिमालयन बैंक डिबेन्चर, २०७७"
जम्मा	**४,०१,००,००,०००**	**शतप्रतिशत**	–

८. संस्थापक/संचालक सम्बन्धी जानकारी :

आधारभुत शेयरधनीहरुको विवरणः

क्र.सं	नाम	पद	उमेर (बर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१.	श्री आभा इन्टरनेश्नल प्रा.लि.	संथापक	-	-	थापाथली, काठमाण्डौ	३१,४२,०८५	-	प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४८।०८।१७ मा दर्ता भई व्यापार/लगानी सम्बन्धी कार्य गर्ने कम्पनी
२.	श्री छायाँ इन्टनेश्नल प्रा.लि.	संथापक	-	-	ठमेल, काठमाण्डौ	२४,५३,१८९	-	प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४८।११।०४ मा दर्ता भई व्यापार/लगानी सम्बन्धी कार्य गर्ने कम्पनी
३.	श्री हबिब बैंक लिमिटेड	संस्थापक	-	-	कराँची, पाकिस्तान	५५,२०,०००	-	पाकिस्तानको कराँचीमा मुख्य कार्यालय रहने गरि सन् १९४७ मा स्थापित अन्र्तराष्ट्रिय स्तरको पाकिस्तानी बैंक
४.	श्री कर्मचारी संचय कोष	संस्थापक	-	-	पुल्चोक, ललितपुर	३८,६४,०००	-	कर्मचारी संचय कोष नेपल सरकार अर्थ मन्त्रालयको मातहतमा रही नेपाल सरकार तथा सार्वजनिक र निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुको प्रोभिडेन्ट फण्ड व्यवस्थापन गर्ने निकाय हो। जसले कर्मचारी संचय कोष ऐन, २०१९ अन्तर्गत रहेर कार्य गर्दछ।
५.	श्री म्युचल ट्रेडिङ्ग कम्पनी प्रा.लि.	संथापक	-	-	मखन, काठमाण्डौ	३४,८३,११९		प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४५।०१।२६मा दर्ता भई व्यापार/लगानी सम्बन्धी कार्य गर्ने कम्पनी
६.	श्री एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि.	संथापक	-	-	झम्सिखेल, ललितपुर	३५,०७,५०३		प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४८।११।०९ मा दर्ता भई व्यापार/लगानी सम्बन्धी कार्य गर्ने कम्पनी
७.	श्री सुमित कुमार अग्रवाल	संथापक	४३	नेपाली	झोछें, काठमाण्डौ	७,३१,२१९	स्नातक	बागमती कारविड इन्डस्ट्रिज प्रा.लि., भगवती, सोप इन्डस्ट्रिज प्रा.लि., भगवती कन्फेक्सनरी प्रा.लि., सनराइज डेभलपर्स प्रा.लि. तथा वरियन्टल कन्स्ट्रक्सन एण्ड डेभलपर्स प्रा.लि. मा अध्यक्षको कार्य अनुभव तथा ग्लोवल बैंक लिमिटेडमा संचालकको कार्य अनुभव।

संचालकहरुको विवरणः

क्र. सं.	नाम	पद	उमेर (बर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१.	श्री मनोजबहादुर श्रेष्ठ (एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि.बाट मनोनित)	अध्यक्ष	५९	नेपाली	झम्सिखेल, ललितपुर	३५,०७,५०३	स्नातक (सिभिल इन्जिनियरिङ्ग)	संचालक-एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि. सदस्य -एफएनसिसिआई
२.	श्री सलिम अमलानी (हबिब बैंक लि. पाकिस्तानबाट मनोनित)	प्रथम उपाध्यक्ष	५८	पाकिस्तानी	पाकिस्तान	५५,२०,०००	स्नातक	अक्टोबर २००५ देखि हालसम्म-हविब बैंक लि., जुन २००२ देखि सेप्टेम्बर २००५-अलाइड बैंक लि., मे १९९८ देखि सेप्टेम्बर २००१-युनाइटेड बैंक लि., अप्रिल १९७५ देखि अप्रिल १९९८-सिटि बैंक।
३.	श्री प्रेम प्रकाश खेतान (म्युचल ट्रेडिङ्ग कम्पनी प्रा.लि.बाट मनोनित)	द्वितीय उपाध्यक्ष	३९	नेपाली	झम्सिखेल, ललितपुर	३४,८३,११९	कमर्श	संचालक-खेतान ग्रुप,हाइसेफ फाइनान्स लि., एभरेष्ट इन्स्योरेन्स, कार्यकारी निर्देशक-हिमालयन स्नाक्स एण्ड नुडल्स।
४.	श्री प्रचण्डबहादुर श्रेष्ठ (छायाँ इन्टनेश्नल प्रा.लि.बाट मनोनित)	संचालक	५७	नेपाली	थापाथली, काठमाण्डौ	२४,५३,१८९	वि.कम. (अनर्स)	कार्यकारी निर्देशक- न्यू एभरेष्ट कन्सट्रक्सन, सगरमाथा ट्राभल्स एण्ड टुर्स, संचालक-छायाँ इन्टनेश्नल प्रा.लि.।
५.	श्री राधा कृष्ण पोते (कर्मचारी संचय कोषबाट मनोनित)	संचालक	५७	नेपाली	बनेपा	३८,६४,०००	एमविए/एमए-अर्थशास्त्र	मुख्य अधिकृत-कर्मचारी संचय कोष।
६.	श्री विजयबहादुर श्रेष्ठ	संचालक	५८	नेपाली	विशालनगर, काठमाण्डौ	६९,५७८	एमबिए	अध्यक्ष-स्नोलाईन कार्पेट, संचालक-सोल्टी होटेल, युनाइटेड इन्स्योरेन्स, अध्यक्ष-नेपाल रगमार्क फाउण्डेशन।
७.	श्री सुशीलविक्रम थापा (आभा इन्टरनेश्नल प्रा.लि.बाट मनोनित)	संचालक	६५	नेपाली	कुपण्डोल, ललितपुर	३१,४२,०८५	विकम/एमए-अर्थशास्त्र	एशोसिएट प्रोफेसर-पाटन मल्टिपल क्याम्पस
८.	श्री उपेन्द्रकेशरी पौड्याल	व्यवसायिक विशेषज्ञ संचालक	६४	नेपाली	डिल्लीबजार, काठमाण्डौ	–	मास्टर अफ साईन्स- फाइनान्सियल स्टडिज्, म्याथमेटिक्स/ स्टाटिसटिक्स	नेपाल राष्ट्र बैंकको विभिन्न तहमा रही १३ बर्षको कार्य अनुभव पश्चात कार्यकारी निर्देशकबाट अवकाश प्राप्त।

९. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालक सदस्य रहेको संचालक समिति देहाय बमोजिम गठन गरिएको छ।

समूह "क" संस्थापक शेयरधनीहरुको तर्फबाट एकजना अध्यक्ष र एकजना उपाध्यक्ष सहित	४ (चार) जना
हबिब बैंक लिमिटेड पाकिस्तानको तर्फबाट नियुक्त हुने संचालक	१ (एक) जना
समुह "ख" कर्मचारी संचय कोषको तर्फबाट नियुक्त हुने संचालक	१ (एक) जना
समुह "ग" सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरु	१ (एक) जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट समितिले नियुक्त गरेको व्यावसायिक विशेषज्ञ सञ्चालक	१ (एक) जना

संचालकहरुको कार्यकाल ४ वर्षको रहेको छ।

यस बैंकको नियमावलीको नियम १३ मा व्यवस्था भए अनुसार बैंकको सञ्चालक हुनका लागि यस बैंकको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ। तर, नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक बिशेषज्ञ संचालक तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले बैंकमा लगानी गरी संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले ब्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन।

यस विवरण-पत्रअनुसार निष्काशन गरिएको ऋणपत्रको बाँडफाँड पश्चात कायम ऋणपत्रधनीहरुले बैंकको संचालक समितिमा प्रतिनिधित्व गर्न, साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन्।

१०. कम्पनीको विगतको तथा आगामी ३ वर्षको वित्तीय विवरणको साथै नेटवर्थ :

वासलात

(रु.हजारमा)

पूँजी तथा दायित्व	वास्तविक रु. (हजारमा)			२०६९ चैत्र मसान्त*	प्रक्षेपित रु. (हजारमा)**		
	आ.ब.०६६/०६७	आ.ब.०६७/०६८	आ.ब.०६८/०६९		आ.ब.०६९/०७०	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२
१. शेयर पूँजी	२,०००,०००	२,४००,०००	२,७६०,०००	२,७६०,०००	३,०९१,२००	३,४६२,१४४	४,१५४,५७३
२. जगेडा तथा कोषहरु	१,४३९,२०५	१,५९५,४७८	१,८७२,०१०	२,५९०,०७०	२,२३५,६०९	२,६१७,२२८	२,७३१,२९६
३. ऋणपत्र तथा बन्ड	५००,०००	५००,०००	५००,०००	५००,०००	१,२५०,०००	१,२५०,०००	७५०,०००
४. तिर्न बाँकि कर्जा सापट	-	१०,०००	-	३,०००,०९२	-	-	-
५. निक्षेप दायित्व	३७,६११,२०२	४०,९२०,६२७	४७,७३०,९९४	४७,९१६,२१०	४९,३००,०००	५२,८७६,४००	५६,७१५,६८८
६. भुक्तानी दिनुपर्ने विलहरु	२१६,१५९	३१,६५६	१९,००३	१४८,६१५	२०,९०३	२२,९९४	२५,२९३
७. प्रस्तावित लाभांश	१८९,४७४	३३६,८४२	३२२,१०६	-	३०७,९५८	३४४,९१३	४००,८८०
८. आयकर दायित्व (खुद)	-	-	-	-	-	-	-
९. अन्य दायित्व	७६१,०८५	९४१,६०१	१,१६०,३१४	१,०६२,७३४	१,०७३,५७४	१,५८६,५०३	२,८२५,६८५
कुल पूँजी तथा दायित्व	४२,७१७,१२५	४६,७३६,२०४	५४,३६४,४२८	५७,९७७,७२१	५७,२७९,२४४	६२,१६०,१८१	६७,६०३,४१५

सम्पत्ति	वास्तविक रु. (हजारमा)			२०६९ चैत्र मसान्त*	प्रक्षेपित रु. (हजारमा)**		
	आ.ब.०६६/०६७	आ.ब.०६७/०६८	आ.ब.०६८/०६९		आ.ब.०६९/०७०	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२
१. नगद मौज्दात	५१४,२२४	६३२,०४६	९५१,३३४	७५६,२१६	९८६,०००	९२५,३३७	९९२,५२५
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२,६०४,७९१	१,३९०,६२६	३,९७९,१६४	३,०५६,२०१	३,१५८,४००	३,१३८,०९६	३,३५७,७६३
३. बैंक र वित्तीय संस्थामा रहेको मौज्दात	७४७,४७६	९४१,९७९	१,४३१,७९९	१,६१७,२७७	९००,०००	१,०००,०००	१,०००,०००
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	३०८,८४०	७३४,०००	२६४,६००	३२,९८१	१००,०००	२५०,०००	३००,०००
५. लगानी	८,४४४,९१०	८,७६९,९३९	१०,०३१,५८०	१०,७१६,१३६	९,१०१,०४७	९,८७१,१५२	१०,६३०,८४४
६. कर्जा सापट तथा विल खरीद	२७,९८०,६२९	३१,५६६,९७७	३४,९६५,४३४	३८,८१४,३६६	४०,२६५,४७१	४४,२८०,९६३	४८,७०८,००३
७. स्थिर सम्पत्ति	१,०६१,८७१	१,१८७,४९३	१,३०५,३६४	१,२९७,७३०	१,२४५,३९६	१,१७८,४५४	१,११६,९८१
८. गैर बैकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	१,०५४,३८४	१,५१३,१४४	१,४३५,१५३	१,६८६,८१४	१,५२२,९३०	१,५१६,१८०	१,४९७,२९९
कुल सम्पत्ति	४२,७१७,१२५	४६,७३६,२०४	५४,३६४,४२८	५७,९७७,७२१	५७,२७९,२४४	६२,१६०,१८१	६७,६०३,४१५

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक रु. (हजारमा)			२०६९ चैत्र मसान्त*	प्रक्षेपित रु. (हजारमा)**		
	आ.ब.०६६/०६७	आ.ब.०६७/०६८	आ.ब.०६८/०६९		आ.ब.०६९/०७०	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२
१. ब्याज आम्दानी	३,१४८,६०५	४,३२६,१४१	४,७२४,८८७	३,३३३,३९८	४,५६८,०९७	५,०२०,१८१	५,३७३,७५२
२. व्याज खर्च	१,५५३,५३१	२,४१४,८०७	२,८१६,४४१	१,५५१,९०४	२,२२८,२३५	२,६८६,३२५	२,८२४,५३७
खुद व्याज आम्दानी	१,५९५,०७५	१,९११,३३३	१,९०८,४४६	१,७८१,४९४	२,३३९,८६२	२,३३३,८५६	२,५४९,२१५
३. कमिशन तथा डिस्काउन्ट	२७०,२५९	३५०,३६५	५१०,८४०	३९४,२८६	५२०,४४३	५३०,४४१	५५३,३०५
४. अन्य संचालन आम्दानी	११२,३४६	१२९,५१७	१८२,०२९	११८,९४६	१४०,६९५	१५०,००४	१५७,७४८
५. सटही घटवढ आम्दानी	१८०,२७९	१९५,५२९	३०९,८९८	२१७,५६५	३०८,६१२	३३९,४७३	३६६,६३१
कूल संचालन आम्दानी	२,१५७,९५८	२,५८६,७४४	२,९११,२१३	२,५१२,२९१	३,३०९,६१२	३,३५३,७७४	३,६२६,८९९
६. कर्मचारी खर्च	४१४,९८४	५१७,५९२	६३४,२२९	४२०,७१७	६५१,१६१	६८३,७१९	७५२,०९१
७. अन्य संचालन खर्च	४७१,१०३	५८२,२१०	७१४,४३६	५९२,०१७	७९६,७२०	८१८,५५८	८४६,९४१
८. सटही घटवढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	१,२७१,८७२	१,४८६,९४२	१,५६२,५४८	१,४९९,५५७	१,८६१,७३१	१,८५१,४९७	२,०२७,८६७
९. सम्भावित नोक्सानी व्यवस्थाहरु	६९२,६४०	४७१,७२९	५०५,४९१	३७८,८५६	३०२,११६	१४१,५७१	१४५,७२८
सञ्चालन मुनाफा	५७९,२३१	१,०१५,२१३	१,०५७,०५६	१,१२०,७०१	१,५५९,६१५	१,७०९,९२६	१,८८२,१३९
१०. गैर सञ्चालन आम्दानी/नोक्सान	१२,३८२	१५,८५६	८,००६	२,१६५	८,३७२	६,५१७	६,८४३
११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	२६५,५४२	२२८,१४६	८५९,९७७	५,७७०	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	८५७,१५६	१,२५९,२१५	१,९२५,०३९	१,१२८,६३६	१,५६७,९८७	१,७१६,४४३	१,८८८,९८२
१२.असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च	(२५,८५६)	१०२,२९२	(३९७,०३८)	१,००३	७,७७४	८,१६२	८,३२६
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	८३१,३००	१,३६१,५०७	१,५२८,००१	१,१२९,६३९	१,५७५,७६१	१,७२४,६०५	१,८९७,३०८
१३. कर्मचारी बोनस व्यवस्था	७५,५७३	१२३,७७३	१३८,९०९	१०२,६९४	१४३,२५१	१५६,७८२	१७२,४८३
१४. आयकर व्यवस्था	२४६,९२९	३४४,६१९	४३०,४५३	३०८,८८५	४२९,७५३	४७०,३४७	५१७,४४७
खुद नाफा/ (नोक्सान)	५०८,७९८	८९३,११५	९५८,६३८	७१८,०६०	१,००२,७५७	१,०९७,४७६	१,२०७,३७८
शेयर संख्या (हजार)	१६,०००	२०,०००	२४,०००	२७,६००	२७,६००	३०,९१२	३४,६२१
प्रति शेयर आम्दानी (रु)	३१.८०	४४.६६	३९.९४	३४.६९	३६.३३	३५.५०	३४.८७

नाफा-नोक्सान बाँडफाँड हिसाब खाता

विवरण	वास्तविक रु. (हजारमा)			प्रक्षेपित रु. (हजारमा)**		
	आ.ब.०६६/०६७	आ.ब.०६७/०६८	आ.ब.०६८/०६९	आ.ब.०६९/०७०	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२
आम्दानी						
१. गत वर्षसम्मको संचित मूनाफा	३६,५२६	१३६,५८७	३२,९३२	७२,८९८	५७,३७४	४०,९२५
२. यस वर्षको मूनाफा	५०८,७९८	८९३,११५	९५८,६३८	१,००२,७५७	१,०९७,४७६	१,२०७,३७८
३. वण्ड फिर्ता कोषबाट रकमान्तर	३५६,०००	-	-	-	-	५००,०००
४. विलम्वित कर कोषबाट रकमान्तर	-	५,४५४	-	-	-	-
५. पूँजी समायोजन कोषबाट रकमान्तर	-	३८,६१०	-	-	-	-
६. लगानी समायोजन कोषबाट रकमान्तर	-	-	४७,०६४	-	-	-
जम्मा	९०१,३२४	१,०७३,७६६	१,०३८,६३४	१,०७५,६५५	१,१५४,८४९	१,७४८,३०३
खर्च	-	-	-	-	-	-
१. गत वर्षसम्मको संचित नोक्सान	-	-	-	-	-	-
२. यस वर्षको नोक्सान	-	-	-	-	-	-
३. साधारण जगेडा कोष	१०१,७६०	१७८,६२३	१९१,७२८	२००,५५१	२१९,४९५	२४१,४७६
४. भैपरी आउने जगेडा	-	-	-	-	-	-
५. संस्था विकास कोष	-	-	-	-	-	-
६. लाभाँश समीकरण कोष	-	-	-	-	-	-
७. कर्मचारी सम्बन्धी जगेडाहरु	-	-	-	-	-	-
८. प्रस्तावित लाभाँश	१८९,४७४	३३६,८४२	३२२,१०६	३०७,९५८	३४४,९१३	४००,८८०
९. प्रस्तावित बोनस शेयर	४००,०००	४००,०००	३६०,०००	३३१,२००	३७०,९४४	६९२,४२९
१०. विशेष जगेडा कोष	-	-	-	-	-	-
११. सटही घटबढ कोष	-	६,६८२	-	-	-	-
१२. पूँजी फिर्ता जगेडा कोष	-	-	-	-	-	-
१३. पूँजी समायोजन कोष	-	-	-	-	-	-
१४. वण्ड फिर्ता जगेडा कोष	७१,४२९	७१,४२९	७१,४२९	१७८,५७२	१७८,५७२	१०७,१४३
१५. विलम्बित कर कोष	५९६	-	२०,४७३	-	-	-
१६. लगानी समायोजन कोष	१,४७९	४७,२५९	-	-	-	-
जम्मा	७६४,७३६	१,०४०,८३५	९६५,७३५	१,०१८,२८१	१,११३,९२४	१,४४१,९२७
१८. सञ्चित मूनाफा / (नोक्सान)	१३६,५८७	३२,९३२	७२,८९९	५७,३७४	४०,९२५	३०६,३७६

* चैत्र मसान्त २०६९/७० को वित्तीय विवरण आन्तरिक लेखापरिक्षकबाट प्रमाणित गरिएको।

वित्तीय प्रक्षेपणका आधारहरु

विवरण	प्रक्षेपित (रु.हजारमा)**		
	आ.ब.०६९/०७०	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२
खुद नाफा को प्रतिशत/कुल आम्दानी (%)	२८.३७	२८.४८	२९.३४
ब्याज आम्दानी/कर्जा तथा सापट (%)	१०.९९	१०.९८	१०.६८
ब्याज आम्दानी/ कुल आम्दानी	८२.२५	८२.९१	८३.१०
सटही घटबढ आम्दानी/कुल आम्दानी	५.५६	५.६१	५.६७
कमिशन तथा डिस्काउण्ट/कुल आम्दानी	९.३७	८.७६	८.५६
अन्य आम्दानी / कुल आम्दानी	२.५३	२.४८	२.४४
कर्मचारी खर्च/कुल संचालन खर्च (%)	४४.९७	४५.५१	४७.०३
अन्य खर्च/कुल संचालन खर्च (%)	५५.०३	५४.४९	५२.९७
ब्याज खर्च /कुल निक्षेप (%)	४.५२	५.०८	४.९८
खुद नाफा/कर्जा तथा सापट (%)	२.४१	२.४०	२.४०
खुद नाफा/कुल सम्पत्ति (%)	१.७१	१.७३	१.७४
कुल कर्जा/निक्षेप र पूँजी	७८.०७	७७.२५	७८.२२
कुल संचालन खर्च/कुल सम्पत्ति (%)	२.४७	२.३६	२.३१
पूँजीकोषको अनुपात (CAR) %	११.४३	११.४०	१२.११
अनिवार्य मौज्दात अनुपात (CRR) %	७.००	६.५०	६.५०
बैधानिक तरलता अनुपात (SLR) %	२७.४०	२६.९२	२७.०४
कूल कर्जा/निक्षेप	८४.३२	८६.४८	८८.६९

विवरण	वास्तविक			प्रक्षेपित**		
	आ.ब.०६६/०६७	आ.ब.०६७/०६८	आ.ब.०६८/०६९	आ.ब.०६९/०७०	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२
प्रति शेयर आम्दानी (EPS)	३१.८०	४४.६६	३९.९४	३६.३३	३५.५०	३४.८७

विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफलः

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
	आ.ब.०६६/०६७	आ.ब.०६७/०६८	आ.ब.०६८/०६९	आ.ब.०६९/०७०	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२
चुक्ता पूँजी	१,६००,०००	२,०००,०००	२,४००,०००	२,७६०,०००	३,०९१,२००	३,४६२,१४४
प्रस्तावित बोनश शेयर	४००,०००	४००,०००	३६०,०००	३३१,२००	३७०,९४४	६९२,४२९
जगेडा तथा कोषहरु	१,४३९,२०५	१,५९५,४७८	१,८७२,०१०	२,२३५,६०९	२,६१७,२२८	२,७३१,२९६
कुल	३,४३९,२०५	३,९९५,४७८	४,६३२,०१०	५,३२६,८०९	६,०७९,३७२	६,८८५,८६९
न्यून : स्थगन खर्च						
कुल नेटवर्थ	३,४३९,२०५	३,९९५,४७८	४,६३२,०१०	५,३२६,८०९	६,०७९,३७२	६,८८५,८६९
शेयर संख्या (हजारमा)	१६,०००	२०,०००	२४,०००	२७,६००	३०,९१२	३४,६२१
प्रति शेयर (नेटवर्थ) रु.	२१४.९५	१९९.७७	१९३.००	१९३.००	१९६.६७	१९८.८९
नेटवर्थमा भएको औसत प्रतिफल "प्रतिशतमा"	१४.७९	२२.३५	२०.७०	१८.८२	१८.०५	१७.५३
नेटवर्थमा निष्कासन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न आवश्यक न्यूनतम प्रतिफल				२०.७०		

**प्रक्षेपित वित्तीय विवरण बैंक आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु एस.वी जोशी एण्ड असोसियट्सका चार्टर्ड एकाउण्टेण्ट श्री सविन भक्त जोशीज्यूद्वारा प्रमाणित गरिएको छ।

११. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

कम्पनीको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन्।

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- सो नभएको।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- सो नभएको।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिमः
- नयाँ वित्तीय संस्थाको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुने जोखिम न्यूनिकरणको लागि बैंकले समय सापेक्ष कदम चाल्दै जानेछ ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिमः
- सो नभएको।

(ङ) विदेशी विनिमयको जोखिम :
- विदेशी विनिमय कारोबार गर्दा विनिमय दरमा हुने थपघटबाट हुनसक्ने जोखिमहरु रहेको र सो को व्यवस्थापनको लागि सम्पत्ति दायित्व व्यवस्थापन समिति (ALCO) मार्फत आवश्यक कदमहरु चालिनेछ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :
- सो नभएको।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- अन्तराष्ट्रिय बजारको आर्थिक मन्दीको प्रत्यक्ष असर वित्तीय क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुने जोखिमहरु व्यवस्थापनको लागि अवस्था हेरी आवश्यक रणनीति तय गरिनेछ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले वर्तमान वित्तीय तथा मौद्रिक नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ। यस्ता जोखिम न्यूनिकरणको लागि बैंकले आफ्नो नितीहरु आवश्यकता अनुसार परिमार्जित गर्दै लानेछ।

(झ) संचालन अनुभवको अभाव :
- सो नभएको।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :
- बैकिङ्ग प्रविधि परिवर्तन भएपछि हाल प्रयोग भइरहेको सफ्टवेयर तथा हार्डवेयरमा हेरफेर गर्नुपर्ने भएकोले थप खर्च बढ्न सक्नेछ र प्रविधि परिवर्तन अनुसार कर्मचारीहरु अभ्यस्त नभई कार्य सम्पादन गर्न कठिनाई हुन सक्ने। तर बैंकले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरि आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको।

(ट) अन्य :
- सो नभएको।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यवस्था गरेको छ। साथै कर्जाहरुलाई खराब हुन नदिन निरन्तर अनुगमन गर्ने गरेको छ। बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ। यसको अलावा आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धी बनाई उपभोक्तामुखी सेवाहरु प्रदान गरी मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि बैंकले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको व्यहोरा जानकारी गराउंछौ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः

रु. १,०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारबाट ऋणपत्र मूल्यमा परिवर्तनको जोखिम रहेको छ।

१२. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) यस विवरण-पत्रमार्फत निष्काशन गर्न लागिएको ८% "हिमालयन बैंक लिमिटेड बण्ड २०७७" सम्बन्धी विवरण देहाय बमोजिम रहेकोछः

अ) ऋणपत्र निष्काशनको शर्त, बन्देजहरुः
ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज विवरणपत्रको बुँदा नम्बर ३.१०.७.(ग) मा छ।

आ) ऋणपत्रको अवधि (Maturity Period) :
यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको दिनबाट ७ (सात) वर्षको हुनेछ। सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको सांवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ।

इ) निष्काशन गरिने ऋणपत्रको रकम :
निष्काशन गरिने ऋणपत्रको कुल रकम रु.७५ करोड (प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका जम्मा ७ लाख ५० हजार कित्ता) रहेको छ। उक्त ऋणपत्र मध्ये यस विवरण-पत्र मार्फत रु.१५ करोड (प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका १ लाख ५० हजार कित्ता) ऋणपत्र दरखास्तसाथ प्रति ऋणपत्र रु.१,०००/- का दरले भुक्तानी माग गर्ने गरी सार्वजनिक निष्काशनको (Public Issue) माध्यमबाट र बाँकी रु.६० करोड (प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ६ लाख कित्ता) ऋणपत्र दरखास्तसाथ प्रति ऋणपत्र रु.१,०००/- का दरले भुक्तानी लिने गरी विभिन्न व्यक्ति वा संगठित संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिनेछ।

ई) ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने :
यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र ७ वर्षको अवधिपश्चात एकमुष्ठ रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने।

उ) ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधी/समय (Interest Payment Period) :
यस ऋणपत्रको वार्षिक ब्याजदर ८% हुनेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐनअनुसार कर लाग्नेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक पौष मसान्त र द्वितीय अर्धवार्षिक असार मसान्त समाप्त भए पश्चात भुक्तानी दिइनेछ। ब्याज रकम भुक्तानी दिदां प्रथम अर्धवार्षिक पौष मसान्त समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको माघ १ गते देखि र द्वितीय अर्धवार्षिक असार मसान्त समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम उक्त वर्षको श्रावण १ गते देखि भुक्तानी गरिनेछ।

साथै यस विवरण-पत्रमार्फत निष्काशन गर्न लागिएको ८% "हिमालयन बैंक लिमिमटेड बण्ड २०७७" मा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन मितिदेखि ऋणपत्रको बाँडफाँड हुनुभन्दा अघिल्लो दिनसम्मको अवधिका लागि कम्पनीले सो वखत बैंकले साधारण वचत खातामा दिने ब्याजदरले हिसाब गरी ब्याज दिनेछ। यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई ब्याज रकम भुक्तानी गर्नका लागी ऋणपत्रको प्रमाणपत्रको अलावा ब्याज भुक्तानी पुर्जा (Interest Coupon) दिइनेछ।

ऊ) ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धी व्यवस्था :
बैंकले आर्थिक बर्ष २०६४।०६५ मा ८ % "हिमालयन बैंक डिबेन्चर २०७२" निष्काशन गरेको र उक्त ऋणपत्र भुक्तानी कोषमा हाल सम्म रु ३५ करोड ७१ लाख ४२ हजार जम्मा भइसकेको छ। साथै यस विवरणपत्र मार्फत निष्काशन हुने डिबेन्चरलाई निर्धारित ७ वर्षको समय अवधिमा भुक्तानी गर्नको लागि हिमालयन बैंकले "ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve) को व्यवस्था गर्नेछ। डिबेन्चरको अवधिमा हिमालयन बैंकको नाफा नोक्सान बाँडफाँड हिसाव खाता बाट वार्षिक रुपमा रु १० करोड ७१ लाख ४० हजार रकम ऋण भुक्तानी कोषमा रकमान्तर गर्नेछ। यस डिवेन्चरको सम्पूर्ण रकम भुक्तानी गरेपछि मात्र हिमालयन बैंकले "ऋणपत्र भुक्तानी कोष" मा रहेको रकम नाफा नोक्सान बाँडफाँड हिसाव खातामा सार्नेछ। कम्पनीले कुनै आर्थिक वर्षमा नाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Fund) मा रकमान्तर गर्नुपर्ने रकम रकमान्तर गरिने छ।

ए) ऋणपत्रवालाहरुको अधिकार :
यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ। तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन। कथंकदाचित बैंक टाटपल्टेमा यस विवरण-पत्रमार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ।

(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरणः
यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific charge), अधिकार हुने छैन।

(ग) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना तथा कम्पनी र ट्रष्टीबीच भएको सम्झौता (Trustee Deed) **का प्रमुख बुँदाहरु :**
ऋणपत्र निष्काशन गर्दा ट्रष्टि नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टिको व्यवस्था गरिएको छ।

अ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम तथा ठेगाना :
ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण-पत्र प्राप्त धितोपत्र व्यवसायी एस क्यापिटल लिमिटेड, लालकोलनीमार्ग, लालदरबार, काठमाडौं रहेको छ।

आ) ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :
यस विवरण-पत्रमार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त एस क्यापिटल लिमिटेड, लालकोलनीमार्ग, लालदरबार, काठमाडौंलाई निजले उक्त सेवा प्रदान गरेबापत बार्षिक रु. ९,०००/- (नौ हजार) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ।

इ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम तथा पद :
ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीका प्रबन्ध संचालक श्री रामेश्वर पोखरेलज्यूलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ।

ई) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासा सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :
ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासा सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ।

उ) ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :
ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ।

ऊ) ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :
ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ।

ए) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :
ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ।

ऐ) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्थाः
ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रजिष्टर्ड कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ। ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण-पत्र प्राप्त धितोपत्र व्यवसायी एस क्यापिटल लिमिटेड, लालकोलनीमार्ग, लालदरबार, काठमाडौं रहेको छ।

ओ) अन्य :
- ऋणपत्र ट्रष्टीले डिबेन्चरवालाहरुको हित संरक्षण गर्ने।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोवारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Fund) को अनुगमन गर्ने।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनु पर्ने।

(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था : सो नभएको।

(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना :
ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना देहाय बमोजिम रहेका छन् : उक्त ऋणपत्र निष्काशनबाट प्राप्त रकम नेपाल राष्ट्र बैंकको निर्देशन तथा कम्पनीको आन्तरीक नीतिको अधिनमा रही कर्जा लगानी विस्तारको लागि उपयोग गरिने छ।
ऋणपत्रको बिक्रीबाट प्राप्त रकम उपयोग गर्न गरिने कार्य :
यस विवरण-पत्रमार्फत निष्काशन गर्न लागिएको ८% "हिमालयन बैंक लिमिटेड बण्ड २०७७" बिक्री गरी संकलन भएको रकम नेपाल राष्ट्र बैंकको निर्देशन तथा कम्पनीको आन्तरीक नीतिको अधिनमा रही कर्जा लगानी विस्तारको लागि उपयोग गरिने छ।

(च) जारी पूँजी चुक्ता भए/नभएको : जारी पूँजी सम्पूर्ण चुक्ता भएको।

(छ) अन्य :
- यो ऋणपत्र हिमालयन बैंक लिमिटेड बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ।
- साथै यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गराई खरिद बिक्रीको समेत व्यवस्था मिलाईनेछ।
- ऋणपत्र भुक्तानी गरेपछि "भुक्तानी कोष" मा कुनै रकम बाँकी रहन गएमा त्यस्तो रकमलाई विशेष जगेडा हिसाबमा सार्नु पर्ने।
- यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको कुल रु.७५ करोडको डिबेन्चर मध्ये सर्वसाधारणमा रु.१५ करोड तथा व्यक्तिगत तवर (Private Placement) बाट रु.६० करोडको डिबेन्चर बिक्री गर्ने व्यवस्था गरीएको छ। जस मध्ये ३७,५०० कित्ता ऋणपत्र सामुहिक लगानी कोषको लागि छुट्याइएको छ। यसरी निष्काशन गर्न लागिएको डिबेन्चर कुनै एक समूहबाट आवेदन प्राप्त नभएमा अर्को समूहमा समेत जान सकिनेछ।
- ***ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थान :*** यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित ब्याज रकम हिमालयन बैंक लिमिटेडको कुनै पनि शाखाबाट वा कम्पनीले तोके अनुसारको स्थानबाट आफ्नो ऋणपत्रको प्रमाणपत्र र ब्याज भुक्तानी पूर्जा पेश गरी भुक्तानी लिनसक्ने गरी निष्काशन गरिएको छ।
- ऋणपत्रको बाँडफाँड पश्चात् बाँडफाँडमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँड भएको दिनदेखिको पहिलो अर्धवार्षिकको ब्याज रकम सो अर्धवार्षिक अवधिको समाप्ति पश्चात् भुक्तानी दिइनेछ। यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई ब्याज रकम भुक्तानी गर्नका लागी ऋणपत्रको प्रमाणपत्रको अलावा ब्याज भुक्तानी पुर्जा (Interest Coupon) दिइनेछ।
- साथै बैंकले ऋणपत्र निष्काशन अवधिभर बैंकको ऋण र पूँजीको अनुपात ७० : ३० भन्दा बढी नहुने प्रतिबद्धता व्यक्त गरेको छ।

१३. ऋणपत्र निष्काशनको उद्देश्य र प्राप्त रकमको उपयोग :

१. धितोपत्र जारी गर्नुको उद्देश्य :
- ➢ नेपाल राष्ट्र बैंकबाट जारी भएको पूँजीकोष सम्बन्धी व्यवस्थाहरुको पालना गर्न।
- ➢ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कामकारोबारका लागि आवश्यक पर्ने पूँजी जुटाउन।

२ धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण : उक्त ऋणपत्र निष्काशनबाट प्राप्त रकम नेपाल राष्ट्र बैंकको निर्देशन तथा कम्पनीको आन्तरीक नीतिको अधिनमा रही कर्जा लगानी विस्तारको लागि उपयोग गरिने छ।

ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था : कम्पनीको वित्तीय स्थिति हेर्दा र विगतमा सोही स्तरका अन्य बैंकहरुले ऋणपत्र निष्काशन गर्दा निष्काशित ऋणपत्रहरुमा पूर्ण रुपमा आवेदन प्राप्त हुने देखिएकोले कम्पनीको निष्काशित ऋणपत्रहरु पनि पूर्ण रुपमा बिक्री हुने कम्पनीको धारणा रहेको छ। कुनै कारणबस पूर्णरुपमा बिक्री नभएमा संकलित ऋणपत्र पूँजीको आधारमा कर्जा तथा लगानीमा स्रोत परिचालन हुने छ।

ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वियन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरणः सो नभएको।

घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति : सो नभएको।

ङ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु : सो नभएको।

च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण : सो नभएको।

छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण : सो नभएको।

ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत : सो नभएको।

झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत : सो नभएको।

ञ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्क सम्बन्धी विवरण :

अ) निष्काशन तथा बिक्री प्रबन्धक : यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने ऋणपत्रको निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्यका लागि नियुक्त एस क्यापिटल लिमिटेड, लालकोलनीमार्ग, लालदरबार, काठमाडौंलाई उक्त सेवा प्रदान गरे बापत एकमुष्ठ रु. ११,२५,०००/- सेवा शुल्कको रुपमा दिइनेछ।

आ) ट्रष्टि (डिबेन्चर/बण्ड निष्काशनको हकमा) : डिबेन्चर ट्रष्टिको सेवा प्रदान गरे बापत एस क्यापिटल लिमिटेडलाई वार्षिक रु. ९,०००/- सेवा शुल्कको रुपमा दिइनेछ।

इ) प्रत्याभूतिकर्ता : सो नभएको।

ई) विज्ञहरु : यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा हिमालयनबैंक लिमिटेड आफैं रहेको छ र यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा एस.वी जोशी एण्ड एसोसियट्स कम्पनीका श्री सविन भक्त जोशीज्यू रहनु भएको छ।

उ) लेखापरिक्षक : बैंकले प्रक्षेपित वित्तीय विवरणहरु लेखापरिक्षण गर्न एस.वी जोशी एण्ड एशोसिएटसलाई एकमुष्ठ शुल्क रु २५,०००/- प्रदान गरिनेछ।

ऊ) अन्य : संकलन केन्द्रलाई आवेदन फारम सहित रकम संकलन गरे वापत संकलित रकममा ०.१०% (शून्य दशमलब दश प्रतिशत) सेवा शुल्क, बाँडफाँडमा नपरेको ऋणपत्र वापतको रकम आवेदकहरुलाई फिर्ता भुक्तानी दिंदा फिर्ता भुक्तान भएको रकममा ०.१०% (शून्य दशमलब दश प्रतिशत) सेवा शुल्क र ऋणपत्रधनीहरुलाई ऋणपत्रको प्रमाणपत्र कुनै शुल्क नलिई दिने व्यवस्था गरिएकोछ।

१४. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :
यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि आवेदन प्राप्त हुन आएमा प्रचलित कानूनमा भएको व्यवस्था बमोजिम बाँडफाँड गरिनेछ। यस विवरणपत्र अनुसार ऋणपत्र बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको ऋणपत्र खरीद गर्नको लागि आवेदन प्राप्त नभएमा प्राप्त भएको आवेदन जतिको मात्रै ऋणपत्र बाँडफाँड गरी ऋणपत्र रकम संकलन गरिनेछ।

ख) अत्यधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :
यस विवरण-पत्र अनुसार जारी गरिएको ऋणपत्रहरु प्रचलित धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धी व्यवस्था अनुसार निर्धारित समयभित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको बाँडफाँडपत्र र फिर्ता भुक्तानी पूर्जा वा चेक दिइनेछ।

ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :
धितोपत्र निष्काशन निर्देशिका, २०६५ ले निर्धारित गरेको समयभित्र बाँडफाँड गरि बाँडफाँड भएको पाँच दिन भित्र दरखास्तवालाहरुलाई बाँडफाँडपत्र र फिर्ता भुक्तानी दिन शुरु गरिनेछ र यदि तोकिएको समयावधि भित्र बाँडफाँडपत्र र फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याजसहित हिसाब गरी रकम फिर्ता भुक्तानी दिनु पर्नेछ। फिर्ता भुक्तानी गर्दा दरखास्तवालाले दरखास्त फाराममा उल्लेख गरेको निजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिनुपर्नेछ।

घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :
यस विवरण-पत्र अनुसार जारी गरिएको ऋणपत्रहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडवाट कायम भएका ऋणपत्रधनीहरुलाई प्रमाणपत्र जारी गरिनेछ।

ङ) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धी विवरण :
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हिमालयन बैंक लिमिटेडको शेयर मिति २०५०।०४।०३ मा सूचिकरण भइ कारोवार भएको हो।

च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण :
यस विवरणपत्र अनुसार जारी गरिएको ऋणपत्रहरु धितोपत्र निष्काशन निर्देशिका, २०६५ को दफा २६ मा भएको व्यवस्था अनुसार निष्काशन गरेको धितोपत्र बाँडफाँड भएको ३० दिनभित्र दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि धितोपत्र बजारमा निवेदन दिई प्रचलित कानून बमोजिम कारोवार गर्न व्यवस्था मिलाइनेछ।

१५. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

क) धितोपत्रवालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी विवरण :
धितोपत्रवालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन नगर्ने प्रकृया तथा धितोपत्र खारेजी आदि सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/ गरिनेछ साथै, लाभांश, हकप्रद शेयर आदि सम्वन्धी विवरण कम्पनीले नियमित रुपमा आर्जन गर्ने मुनाफा, तथा कम्पनीको पूँजी योजना अनुसार प्रचलित कानून वमोजिम गरिनेछ।

साथै यस विवरण-पत्र अनुसार निष्काशन गरिएको ऋणपत्र खरीदको लागि आवेदन गरी ऋणपत्र बाँडफाँड भए पश्चात् कायम ऋणपत्रधनीहरुले कम्पनीको साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन्।

ख) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्वन्धी विवरण :
१. कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली कम्पनीको कर्पोरेट कार्यालय का.जि.का.म.न.पा वडा नं १ कमलादी र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक-एस क्यापिटल लिमिटेड, लालकोलनीमार्ग, लालदरबार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ।
२. रु.५०,००० हजार भन्दा बढी रकम (ऋणपत्र) का लागि आवेदन दिंदा एकाउण्ट पेयी चेक मार्फत मात्र आवेदन रकम दिनुपर्नेछ।
३. प्रत्येक आवेदकले कम्तीमा २५ कित्ता ऋणपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ। यस्तो ऋणपत्रका लागि आवेदन दिंदा आफुले खरिद गर्न चाहेको प्रति ऋणपत्र वापत रु. १,०००/- (एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ। सो भन्दा बढी कित्ताका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भागजाने संख्यामा आवेदन गर्न सकिनेछ।

ग) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु :
१. कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन्। आवेदकले दरखास्त फारमसाथ आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
२. आवेदकले आवेदन फाराममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचिएको फोटो अनिवार्य रुपमा टाँस गर्नु पर्नेछ।
३. नाबालकको हकमा आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा दरखास्त फारमसाथ पेश गर्नुपर्नेछ।
४. आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई कुनै नाबालक वा बिक्षिप्त व्यक्तिको नाममा आवेदन दिएको अवस्थामा कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाण अनिवार्य रुपमा दरखास्त फारमसाथ पेश गर्नुपर्नेछ।
५. नाबालकको हकमा माथि बुँदा ग (३) र (४) मा उल्लेख गरिएका विवरणहरुको अतिरिक्त संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी संरक्षक स्वयंले प्रमाणित गरी दरखास्त फारमसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
६. आवेदन दिंदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ।
७. दरखास्तवाला, नाबालक समेतले स्वयंको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर अनिवार्य रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। साथै आवेदकले उल्लेख गरिने खाता क्लियरिङ हाउसको सदस्यता लिएको बैंक वा वित्तीय संस्था हुनुपर्नेछ।
८. दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फाराममा उल्लेख गरिएको खातामा रकम जम्मा हुने गरी फिर्ता भुक्तानी दिईनेछ।
९. आवेदन फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ।
१०. आवेदकले आवेदनसाथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१०००/- को दरले हुन आउने रकम बराबरको एस क्यापिटल लिमिटेडको नाममा खिचिएको बैंक ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। यसरी बैंक ड्राफ्ट मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदन फारममा सो ड्राफ्टको नम्बर र ड्राफ्टको पछाडि दरखास्त फारम नम्बर र आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ।
११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण ऋणपत्रको लागि एक भन्दा बढी आवेदन दिन पाइनेछैन। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएमा सम्पूर्ण आवेदन रद्द गरिनेछ।
१२. संयुक्त ऋणपत्र खरिद गर्नको लागि बढीमा दुई जनासम्मले मात्र संयुक्त नाममा आवेदन दिन सक्नेछन्। यसरी संयुक्त नाममा आवेदन दिने कसैले पनि ऋणपत्र खरिद गर्न पुनः छुट्टै अर्को आवेदन दिनसक्ने छैनन्। संयुक्त रुपमा आवेदन दिने आवेदकहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा आवेदन फाराममा पहिलो नाम उल्लेख भएको व्यक्तिसँग गरिनेछ।
१३. प्रमाण-पत्र बुझ्न आउँदा र बाँडफाँडमा नपरेको ऋणपत्र बापतको रकम फिर्ता लिन आउँदा आवेदकले माथि बुँदा ग (१) तथा (५) बमोजिम दरखास्त फारमसाथ पेश गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको सक्कल प्रतिको आधारमा सही दरखास्तवाला पहिचान गरेर मात्र बाँडफाँडमा नपरेको ऋणपत्र बापतको रकम दरखास्तवालाले दरखास्त फाराममा उल्लेख गरेको बैंक वा वित्तीय संस्थाको खातामा जम्मा हुने गरि रकम फिर्ता भुक्तानी दिइनेछ र ऋणपत्रको प्रमाण-पत्र वितरण गरिनेछ।
१४. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिन चाहेमा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय सहित कम्पनीको कार्यकारी प्रमुख वा संस्थाको प्रमुखको विवरण तथा फोटो अनिवार्य रुपमा समावेश गरेको हुनुपर्नेछ।
१५. ऋणपत्र खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा ऋणपत्र खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।
१६. रु.१०,००,०००/ सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा दरखास्त फाराममा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनु पर्नेछ।
१७. बाँडफाँड गर्नु पर्ने ऋणपत्र भन्दा बढी आवेदन प्राप्त हुन आएको खण्डमा आवेदकले माग गरेको भन्दा न्युन संख्यामा समेत ऋणपत्र बाँडफाँड गर्न सकिनेछ।
१८. प्रत्येक आवेदकले कम्तीमा २५ कित्ता तथा सो भन्दा बढी कित्ताका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भागजाने संख्यामा आवेदन गर्न सकिनेछ। यस्तो ऋणपत्रका लागि आवेदन दिंदा आफुले खरिद गर्न चाहेको प्रति ऋणपत्र वापत रु. १,०००/- (एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ।

१६. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.सं.	स्थान	फोन	सम्पर्क व्यक्ती
१	एस क्यापिटल लिमिटेड, लालकोलनीमार्ग, लालदरबार, काठमाडौं	४४२६१६१	अनिल महर्जन
२.	हिमालय बैंक लिमिटेड, कमलादी, काठमाडौं **काठमाडौं उपत्यका भित्रः** ठमेल, नयाँ सडक, पाटन, महाराजगञ्ज, भक्तपुर, टेकु, चाबहिल, स्वयम्भू, नयाँ बानेश्वर, सोह्रखुटे, डिल्लीबजार, कलंकी, सातदोबाटो, बत्तिसपुतली, कौशलटार **उपत्यका बाहिरः** वीरजञ्ज, नारायणगढ, टाँडी, हेटौंडा, सिद्धार्थनगर, विराटनगर, बनेपा, धरान, न्यूरोड-पोखरा, बुटवल, नेपालगञ्ज, इटहरी, पाल्पा, घोराही, त्रिशुली, दमक, बागलुङ्ग, पर्सा, धनगढी, गोरखा, कावासोती, बाहूबिसे, धादिङ्ग र रामवजार-पोखरा	४२४६२१८	सतिस राज जोशी (कार्यकारी वित्त अधिकृत)

सार्वजनिक निष्काशनका क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुवाट मात्र ड्राफ्ट संलग्न गरि दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा ऋणपत्र निष्काशन बन्द हुने अघिको मितिसम्ममा एस क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ ऋणपत्रको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरि पठाएका निवेदनहरुलाई मात्र बाडँफाँडमा समावेश गर्ने ब्यवस्था रहेको छ। ऋणपत्र बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन।

१७. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी विवरण :

यस निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंक **(Banker to the Issue)**को रुपमा नियुक्त गरिएको छ

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	हिमालयन बैंक लिमिटेड, कमलादी, काठमाडौं	०१९०४६७२६७००१२

साथै आवश्यकता अनुसार ३ दिन अगाडी वोर्डलाई जानकारी दिइ अन्य बैंकहरुलाई समेत यस ऋणपत्र निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

१८. क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण :

नेपाल धितोपत्र बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल (ICRA NEPAL) को सन् २०१३ मे ८ को पत्र मार्फत यस बैंकबाट जारी गर्न लागेका हिमालयन बैंक लिमिटेड बण्ड २०७७ लाई "[ICRANP] LA" रेटिङ्ग प्राप्त भएको (पर्याप्त सुरक्षीत, न्यून जोखिम)।

१९. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहाए माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछनः फोन नं. ४४२६१६१, फ्याक्सः ४४२६१३३, E-mail: acecapital@ace.com.np

---

दरखास्त फारामको नमूना

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था)
एचबिएल कर्पोरेट बिल्डिङ, कमलादी, काठमाण्डौ
फोन नं. ९७७-१-४२४६२१८, ४२४६२१९, फ्याक्स नं. ९७७-१-४२२२८००
Email: hbl@himalayanbank.com, URL: http://www.himalayanbank.com
को

फोटो
अनिवार्य

ऋणपत्र खरिद दरखास्त फाराम

मार्फतः
ACE CAPITAL LIMITED एस क्यापिटल लिमिटेड
एस डेभलपमेन्ट बैंक लिमिटेडको सहायक कम्पनी
(नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त)
(निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानि व्यवस्थापन)
लालकोलनीमार्ग, लालदरबार, काठमाण्डौ, फोनः ४४२६१६१, फ्याक्सः ४४२६१३३
E-mail: acecapital@ace.com.np ~ URL: www.acecapital.com.np

सि.नं.

कोड नं. ☐☐☐

श्री संचालक समिति,
हिमालयन बैंक लिमिटेड
कमलादी, काठमाडौं, नेपाल।

महाशय,
त्यस बैंकबाट प्रकाशित विवरण-पत्रको अधिनमा रु.१,०००/- दरको "८% हिमालयन बैंक लिमिटेड बण्ड २०७७" को .... कित्ता लिन इच्छुक भएकोले प्रति ऋणपत्र रु.१,०००/- का दरले रु. .... (अक्षेरुपी ....) यसैसाथ पठाएको छु/छौं। त्यस बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित ऋणपत्र पाउन अनुरोध गर्दछु/गर्दछौं।

माग गरिएको ऋणपत्र संख्या		ऋणपत्र वापत जम्मा गरेको रकम		मिति	
रकम बुझाएको कम्पनीको नाम र ठेगाना				भौचर/ड्राफ्ट नं.	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम र ठेगाना				खाता नं.	
निवेदकको पुरा नाम: नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक			स्थायी लेखा नं.	
निवेदकको पुरा नाम: In English	Mr./Mrs./Ms. Miss/Minor				USE CAPITAL LETTER
ठेगाना	वडा/घर नं.	गा.वि.स./न.पा.		ना.प्र.नं.	
Address	Ward/House No.	VDC/Municipality			
जिल्ला		P.O. Box No.		Telephone No.	
District		पो.व.नं.		टेलिफोन नं.	
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा				
	In English				
बाबुको नाम					
Father's Name					
बाजेको नाम					
Grandfather's Name					
पति/पत्नीको नाम					
संरक्षकको नाम (नाबालकको हकमा)					
Guardian's Name (Incase of minor)					

यस ऋणपत्रमा लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन गरेको होइन। साथै मैले/हामीले यसै साथ स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा कागजातहरू र यस आवेदन फाराममा खुलाएको विवरण साँचो हो। झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ।

पुनश्चः १. आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडीपट्टी रहेको दफा नं. १६ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरू) अध्ययन गर्नुहुन अनुरोध छ।
२. आवेदक संस्था भएमा कार्यकारी प्रमुखको विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ।

निवेदकको दस्तखत
(Applicant's Signature)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार बैंक हुने छैन ।

मार्फतः
ACE CAPITAL LIMITED एस क्यापिटल लिमिटेड
एस डेभलपमेन्ट बैंक लिमिटेडको सहायक कम्पनी
(नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त)
(निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानि व्यवस्थापन)
लालकोलनीमार्ग, लालदरबार, काठमाण्डौ, फोनः ४४२६१६१, फ्याक्सः ४४२६१३३
E-mail: acecapital@ace.com.np ~ URL: www.acecapital.com.np

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

Applicant's Name					
Company's Name	Himalayan Bank Limited				
No. of Debentures Applied		Call Money per Debenture	Rs.1000	Amount Deposited	
Amount in Words					

चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ

For Official Use Only:
Received by:
Date: Stamp Code No. ☐☐☐

निवेदकको दस्तखत
(Applicant's Signature)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

ACE CAPITAL LIMITED
एस क्यापिटल लिमिटेड
एस डेभलपमेन्ट बैंक लिमिटेडको सहायक कम्पनी
(नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त)
(निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभुति, शेयर रजिष्ट्रेशन तथा लगानि व्यवस्थापन)
लालकोलनीमार्ग, लालदरबार, काठमाण्डौ, फोनः ४४२६१६१, फ्याक्सः ४४२६१३३
E-mail: acecapital@ace.com.np ~ URL: www.acecapital.com.np